आज मिति २०७६ साल जेष्ठ २१ गते मंगलबार विहान ८:०० बजे राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

## उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विष्णु गुरुङ, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।
सचिव श्री राम प्रसाद शर्मा, राप्ती गाउँ कार्यपालिका ।

## आमन्त्रित

१. श्री धन प्रसाद शर्मा, लेखा अधिकृत ।
२. श्री रेशमराज अधिकारी स.ले.पा. ।
३. श्री रबिन्द्र कुमार चौधरी, स.क.अ. ।
४ श्री गुमराज कुमाल, रोजगार संयोजक

## निर्णयहरु :

निर्णय नं. १ यस राप्ती गाउँपालिका भित्र रहेका महत्वपूर्ण र प्रख्यात भौतिक संरचना, संवेदनशिल सार्वजनिक स्थल, खुलास्थान एवं पुरातात्विक ऐतिहासिक महत्वका दृष्टिले प्रख्यात मठ, मन्दिर, मस्जिक, बौद्ध मन्दिर, गुम्बा, स्तुपा, पर्यटकिय स्थल, सरकारी भवन, संचरनाहरु, सडक मार्ग, पूल तथा स्मारक र संग्राहलयहरुको विवरण आन्तरिक मामिला तथा कानून मन्त्रालय, बुटवलले मागेको हुँदा यस राप्ती गाउँपालिका भित्रको तपसिल अनुसारका मठमन्दिर, मस्जिद, गुम्बा र सार्वजनिक स्थल रहेकोले आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउने निर्णय गरियो ।

तपसिल :

*राप्ती गाउँपालिका वार्ड नं. १ :*

१. खड्गेश्वरी मन्दिर, भालुवाङ
२. सिद्धेश्वर मन्दिर, पाखापानी
३. पुल्चोक देवी मन्दिर
४. पुल्चोक शिव मन्दिर
५. पिपलटारी खुलाक्षेत्र ।
१. पिपलताडी सार्वजनिक स्थल

*राप्ती गाउँपालिका वार्ड नं. २ :*

१. हर्षे डाडा काली देवी मन्दिर, ताल(हर्षेडाडा)
२. वराखुट्टी प्राचिन वग्गे शिव मन्दिर र खुला क्षेत्र(४ कठ्ठा)
३. अम्वे श्री देवी मन्दिर र खुला क्षेत्र(२ विगाह), लालमटिया
४. मरुवा थान चौपारी खुल्ला क्षेत्र(कठाह)
५. वरको बुटा खुल्ला क्षेत्र(रामनगर)

*राप्ती गाउँपालिका वार्ड नं. ३ :*

१. बसन्तपुर शिब मन्दिर र खुला क्षेत्र
२. घण्टादेव शिब मन्दिर र खुला क्षेत्र

*राप्ती गाउँपालिका वार्ड नं. ४ :*

१. हिम बगैंचा पिपरखुट्टी देवी मन्दिर
२. मझेनीगढ देवी मन्दिर
३. मौरीघाट शिव मन्दिर
४. सुन्दरपुर खुला क्षेत्र
५. मरुवाठान

*राप्ती गाउँपालिका वार्ड नं. ५ :*

१. खौरा बाबा मन्दिर, ताल र खुलाक्षेत्र
२. भूल्के बराह मन्दिर र खुला क्षेत्र
३. करङ्गे बराह मन्दिर
४. प्रगतिनगर देवी मन्दिर
५. पहरुवाको शिव लक्ष्मी मन्दिर
६. देउकी शहिद पार्क

*राप्ती गाउँपालिका वार्ड नं. ६ :*

१. बगरापुर शिव मन्दिर
२. थारु संग्राहालय तथा अध्ययन क्षेत्र
३. पत्थरगढवा शिव मन्दिर र खुलाक्षेत्र
४. भगवानपुर शिव मन्दिर र मस्जिद

*राप्ती गाउँपालिका वार्ड नं. ७ :*

१. वडका सिसहनिया स्थित वि.सं. १७२५ मा स्थापना भएको शिव मन्दिर
२. आर्नाहानपुरको रामजानकी मन्दिर र खुलाक्षेत्र
३. छोटकी सिसहनियाको शिव मन्दिर
४. छोट्की सिसहनियाको दुर्गा मन्दिर
५. भानपुरको शिब मन्दिर र खुला क्षेत्र
६. १०० वर्ष पुरानो काठको कुवाँ
७. वडका सिसहनिया र आर्नाहानपुरमा चर्च
८. जयगुरु देव सत्संग भवन छुट्की सिसहनिया
९. सबै टोलमा थारु संस्कृती मरुवाथान

*राप्ती गाउँपालिका वार्ड नं. ८ :*

१. बुद्धगुम्बा पर्यटकिय स्थल, पहरुवा स्थित श्रीनगर डाडा
२. पिपरी शिव मन्दिर
३. भूमिथान मन्दिर
४. बिजौरीमा शिव मन्दिर
५. विजौरी गाउँभित्र उत्तर तर्फ चर्च
६. पिपरी गाउँभित्र ऐतिहासिक शिव मन्दिर
७. पिपरी मरुवा थान
८. बिजौरी मरुवा थान
९. पिपरा मरुवा थान

*राप्ती गाउँपालिका वार्ड नं. ९ :*

१. ऐतिहासिक भद्राक्षी देवी मन्दिर, देवीकोट ।

निर्णय नं. २ यस राप्ती गाउपालिका भित्र आधारभूत स्वास्थ्य केन्द्र छनौटमा परेका वडाहरुमा उपभोक्ता समितिबाट तत्काल भवन निर्माणको कार्य अगाडि बढाउने ।

निर्णय नं. ३ यस राप्ती गाउँपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि १ देखि ९ वटै वडाहरुबाट संकलन, आवश्यक छ्यनबिन तथा सिफारिस भई आएका बेरोजगारहरुको निवेदन संख्या वार्ड नं. १ को ३६७, वार्ड नं. २ को ३४७, वार्ड नं. ३ को ३४२, वार्ड नं. ४ को २७६, वार्ड नं. ५ को २०९, वार्ड नं. ६ को ५१३, वार्ड नं. ७ को १२०, वार्ड नं. ८ को २१० र वार्ड नं. ९ को ६८ गरी जम्मा २४५१ बेरोजगारहरुको निवेदनलाई अनुमोदन गरियो ।

निर्णय नं. ४ यस राप्ती गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको लागि आएको ससर्त बजेटबाट कम्तीमा एक वडा एक योजना संचालन गर्ने ।

निर्णय नं. ५ तराई मधेश समृद्धि कार्यक्रम र यस गाउँपालिकाको संयुक्त लगानीमा यस गाउँपालिकाको वडा नं. ७ मा निर्माण हुने थारु सांस्कृतिक केन्द्रको डिपिआर गर्न परामर्शदाता छनौट प्रकृया शुरु भएकोमा आर्थिक वर्षको अन्तिम अवस्था भएको र डिपिआर को प्रतिवेदन प्राप्त भएपछि निर्माण कार्य गर्दा समय अभाव भएकोले जग्गा सुरक्षाको कार्य गर्नका लागि परामर्श दातालाई तत्काल जग्गा सुरक्षाको कार्य गर्न आवश्यक पर्ने लागत अनुमान पेश गर्न लगाई सोही बमोजिम जग्गा सुरक्षाको कार्य गर्ने र प्रतिवेदन प्राप्त भएपछि अन्य कार्य गर्ने ।

निर्णय नं. ६ यस राप्ती गाउँपालिकाका लागि स्वास्थ्य उपकरण तथा औषधिं खरिदको लागि गाउँ कार्यपालिका कार्यालयलाई तत्काल खरिद गर्न निर्देशन दिने ।

निर्णय नं. ७ यस राप्ती गाउँपालिका अन्तरगत स्वास्थ्य इकाई स्थापना भएका वडाहरुमा घर भाडा सम्बन्धित शिर्षकबाट मिति २०७५/११/०१ देखि भुक्तानी दिने र नयाँ आधारभूत स्वास्थ्य केन्द स्थापनाका लागि घरभाडाकोसूचना प्रकाशित गर्ने करारमा पदपूर्तिका लागि स्वास्थ्य सेवा निर्देशनालय प्रदेशबाट एक जना प्रतिनिधी खटाई पठाई दिन हुन अनुरोध गर्ने ।

निर्णय नं. ८ यस राप्ती गाउँपालिकाको वडानं. ३ मा २५ शैंयाको अस्पताल निर्माणको लागि छनौट भएको जग्गामा यस कार्यालयबाट डिपिआर गर्न परामर्शदाता छनौट प्रकृया शुरु भएकोमा आर्थिक वर्षको अन्तिम अवस्था भएको र डिपिआर को प्रतिवेदन प्राप्त भएपछि निर्माण कार्य गर्दा समय अभाव भएकोले जग्गा सुरक्षाको कार्य गर्नका लागि परामर्श दातालाई तत्काल जग्गा सुरक्षाको कार्य गर्न आवश्यक पर्ने लागत अनुमान पेश गर्न लगाई सोही बमोजिम जग्गा सुरक्षाको कार्य गर्ने र प्रतिवेदन प्राप्त भएपछि अन्य कार्य गर्ने ।

निर्णय नं. ९ यस राप्ती गाउँपालिका भित्र फोहरमैला व्यवस्थापनका लागि निम्न अनुसारको उपकरण तथा औजारहरु स्वास्थ्य सेवा निर्देशनालयबाट माग गर्ने ।

१. USG मेशिन विथ Printer (२ वटा स्वास्थ्य चौकीको लागि २ सेट) ।
२. X-ray मेशिन (२ वटा स्वास्थ्य चौकीको लागि २ सेट) ।
३. Hot air oven (२ वटा स्वास्थ्य चौकीको लागि २ सेट) ।
४. अटो क्लेभ (२ वटा स्वास्थ्य चौकी र ३ वटा सामुदायिक स्वास्थ्य इकाई गरी ५ सेट) ।
५. डस्टविन (२ वटा स्वास्थ्य चौकी र ३ वटा सामुदायिक स्वास्थ्य इकाई गरी २० वटा) ।
६. स्वास्थ्य चौकीहरुमा इन्सीनेरेटर (२ वटा) ।

निर्णय नं. १० प्रदेश सरकारको ससर्त बजेटबाट यस गाउँपालिकाको वडानं. ७ मा निर्माण हुने रंगशाला निर्माणको लागि डिपिआर गर्न परामर्शदाता छनौट प्रकृया शुरु भएकोमा आर्थिक वर्षको अन्तिम अवस्था भएको र डिपिआर को प्रतिवेदन प्राप्त भएपछि निर्माण कार्य गर्दा समय अभाव भएकोले जग्गा सुरक्षाको कार्य गर्नका लागि परामर्श दातालाई तत्काल जग्गा सुरक्षाको कार्य गर्न आवश्यक पर्ने लागत अनुमान पेश गर्न लगाई सोही बमोजिम जग्गा सुरक्षाको कार्य गर्ने र प्रतिवेदन प्राप्त भएपछि अन्य कार्य गर्ने ।